आज मिति २०८३/०६/०८ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

## उपस्थिति

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. ६ अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CamScanner

## मिति २०८३/०६/०८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:

१) बडा दशैं तथा तिहार पर्व २०८३ को शुभकामना सम्बन्धमा ।

२) संघीय अनुदानमा कार्यरत वाल विकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको नगर तर्फको तलव भत्ता अनुदान थप सम्बन्धमा ।

३) वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी भर्ना कार्यविधी स्वीकृती सम्बन्धमा।

४) विद्यालयको लेखापरीक्षण सम्वन्धमा।

५) विद्यालय स्तरीकरण सम्वन्धमा ।

६) विद्यालयमा नमुना विज्ञान विषय प्रवर्धन कार्यक्रम वार्षिक कार्यक्रम कार्यान्वयन योजना स्वीकृती सम्बन्धमा।

७) सारथी नेपाल संगको साझेदारीमा स्थानीय उत्पादनहरुको प्रदर्शनी तथा बिक्रि मेलामा न.पा.को सहकार्य सम्बन्धमा।

८) प्राविधिक सेवा सेन्टर संचालन अनुमति सम्बन्धमा।

९) सरसफाईकर्मी तथा माली तथा का.स.पदपूर्ति सम्वन्धमा।

१०) तिन पांग्रे सवारी साधन अनुमति सम्बन्धमा।

११) ठेक्का न. DCM/NCB/WORKS/02/2082/083 म्याद थप सम्बन्धमा।

१२) ठेक्का न. DCM/NCB/WORKS/01/2082/083 म्याद थप सम्बन्धमा।

१३) आर्थिक सहयोग सम्बन्धमा।

१४) फर्निचर सहयोग सम्बन्धमा।

१५) काम काजमा खटाउने सम्बन्धमा ।

१६) स्वास्थ्य तर्फ जनशक्ति पदपूर्ति सम्बन्धमा ।

१७) भाडामा लिएको स्कार्पियो गाडीको म्याद थप सम्बन्धमा ।

१८) विविध विषय सम्बन्धमा।





CamScanner

निर्णय न. १

हिन्दुहरुको प्रमुख एवं राष्ट्रिय पर्व बडादशैं तथा दिपावली २०८३ को पावन अवसरमा नगर प्रमुखज्यूबाट नगर उप-प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगर सभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत,नगरपालिकाका सबै बिषयगत शाखाका प्रमुख एवं वडा तथा नगरमा कार्यरत सम्पूर्ण कर्मचारीहरु लगायत आम नगरवासी नागरिकहरुको सुख शान्ति स्वास्थ्य एवं दिर्घायुको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भयो ।

निर्णय नं.२

यस पालिका अन्तर्गतका विद्यालयमा संघीय अनुदानमा कार्यरत वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको तलव भत्ता सन्दर्भमा मिति २०८३ भाद्र २६ गतेको कार्यपालिकाको निर्णय नं ११ मा प्रिन्ट मिस्टेक भएकोमा सोको सुधार गर्दै यस पालिकाका विद्यालयमा संघीय अनुदानमा कार्यरत वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको तलव भत्तामा नगर तर्फबाट दिदै आएको थप अनुदानलाई निरन्तरता दिदै वाल विकास सहजकर्ताको संघवाट प्राप्त अनुदानमा रु ५०००/- र विद्यालय कर्मचारीहरु (विद्यालय सहायक र विद्यालय सहयोगी) को रु ७०००/- प्रति महिना अनुदान थप गरि पर्व खर्च समेत गरि २०८३ श्रावण १ गते देखी लागु हुने गरि कुल १३ महिनाको थप अनुदान दिने निर्णय पारित गरियो ।

निर्णय नं.३

शिक्षा नियमावली २०५९ (संसोधन सहित) ले विद्यालयले तयार गरेको कार्यविधीको आधारमा विद्यालय कर्मचारी भर्ना गर्नसक्ने व्यवस्था गरेको वाल विकास सहयोगी कार्यकर्ता भर्नाको वारे नियमावलीमा स्पष्ट मापदण्ड नतोकिएकोमा सोही अनुसार गर्ने प्रचलन रहेकोमा सोलाई व्यवस्थित गर्न र नगर भित्रका विद्यालयमा रिक्त वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको पदपुर्तीलाई प्रतिष्पर्धी र व्यवस्थित गर्न तयार गरिएको वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी भर्ना कार्यविधी २०८३ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४

यस पालिका अन्तरगतका तपसिलका विद्यालयहरुको भौतिक पुर्वाधार, तथा शैक्षिक उपलब्धीको अध्ययन गर्दा स्तरीकृत गर्ने निर्णय पारित गरियो। साथै स्तरीकृत विद्यालयहरुको असल अभ्यासहरुलाई पालिकाका अन्य विद्यालयहरुमा समेत लागु गर्ने र स्तरीकृत विद्यालयहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | वीरेन्द्र माध्यमिक विद्यालय | द.न.पा.०४ | |
| २ | दशरथचन्द माध्यमिक विद्यालय | द.न.पा.०५ | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | केदार नागार्जुन माध्यमिक विद्यालय | द.न.पा.११ | |
| ४ | जोशीबुड्गा माध्यमिक विद्यालय | द.न.पा.०९ | |
| ५ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | द.न.पा.०१ | |
| ६ | मणिलेक माध्यमिक विद्यालय | द.न.पा.०१ | |
| ७ | निङ्गलाशैनी माध्यमिक विद्यालय | द.न.पा.०२ | |
| ८ | कालिका माध्यमिक विद्यालय | द.न.पा.०६ | |
| ९ | जगन्नाथ आधारभुत विद्यालय | द.न.पा.०५ | |

<u>निर्णय नं.५</u>

सामुदायिक विद्यालयको लेखा परीक्षण सम्वन्धमा शिक्षा ऐन २०२८ (संसोधन सहीत) को दफा १२ (६) को "छ" मा जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षक बाट विद्यालयको लेखा परीक्षण गराउने जिम्मेवारी/अधिकार विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरेको, शिक्षा नियमावली २०५९ (संसोधन सहित) नियम २५ (ढ १) मा विद्यालयको लेखा परीक्षणका लागि प्रचलित कानुन बमोजम दर्ता भएका लेखा परीक्षकहरु मध्येबाट कम्तिमा ३ जना लेखा परीक्षकको नाम नियुक्तीका लागि शिक्षा विकास तथा समन्वय ईकाई प्रमुख समक्ष पेश गर्ने जिम्मेवारी/अधिकार विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरेको, त्यस्तै सोही नियमावलीको नियम १७१ (१) मा इकाईबाट नियुक्त लेखा परीक्षक बाट लेखा परीक्षण गराउने र सोही नियमको उपनियम ५ मा लेखा परीक्षण प्रतिवेदन स्थानीय तह र इकाईमा पठाउनु पर्ने व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) को उपदफा २ ले सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। त्यस्तै नेपाल अडिटर्स असोसिएसन (अडान) जिल्ला कार्य समिति बैतडीको मिति २०८३/०४/२९ मा पालीकाहरुलाई प्रेसित पत्रमा विद्यालयहरुको लेखापरीक्षणको लागि प्रत्येक वर्ष लेखा परीक्षकको आसय पत्र माग गरि ईच्छुक लेखापरीक्षकहरुको सुची तयार गर्न र सो सुचीबाट विद्यालयले सिफारिस गरि पठाएका लेखा परीक्षकहरु मध्येबाट विद्यालयको लेखा परीक्षणको व्यवस्था गर्न स्थानीय तहरुलाई अनुरोध गरिएको छ। यसरि प्रचलित ऐन नियम र अडानको पत्र अध्ययन गर्दा विद्यालयहरुको लेखापरीक्षणको लागि लेखा परीक्षकको आसय पत्र माग गरि ईच्छुक लेखापरीक्षकहरुको सुची पालिकाले तयार गरि सो सुचीवाट विद्यालयले सिफारिस गरि पठाएका लेखा परीक्षकहरु मध्येबाट विद्यालयको लेखा परीक्षणको लागि प्रमुख प्रशासकीय अधिकृतले लेखा परीक्षक नियुक्त गर्न उपयुक्त हुने हुँदा लेखा परीक्षण गर्न ईच्छुक लेखा परीक्षकहरुको आसय पत्रको सुचना प्रकासन गर्न, आसय व्यक्त गर्ने लेखा परीक्षकहरुको सुचिकरण गर्न र सुचिकृत लेखा परीक्षकहरु मध्येबाट विद्यालयले सिफारिस गरेका ३ जना लेखा परीक्षकहरु मध्येवाट एकजना लेखा परीक्षक नियुक्त गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्दै सो प्रकृया अविलम्व सुरु गरि यथासिघ्र विद्यालयहरुको लेखा परीक्षण सम्पन्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय पारित गरियो ।

CamScanner

निर्णय नं. ६

विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत शिक्षा तथा खेलकुद मन्त्रालय बाट आ. व. २०८१।८२ मा स्वीकृत भई शिक्षा विभागले जारि गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसुची ८ को क्र.सं १०८ मा उल्लेखित विद्यालयमा नमुना विज्ञान विषय प्रवर्धन कार्यक्रमका लागि छनौट भएको विद्यालय श्री वीरेन्द्र मा.वि. शाहीलेक, द.न.पा. - ०४ को कार्यक्रम कार्यान्वयनका लागि शिक्षा शिक्षा विभागले जारि गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० (१२) अनुरुप विद्यालयले तयार गरि पेश गरेको आ.व. २०८३/८४ को वार्षिक कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गर्ने निर्णय पारित गरियो।

निर्णय न. ७

मिति २०८३/०६/०९ गते यस नगरपालिकाको वडा न. ०२ स्थित श्री निंग्लाशैनी भगवती मन्दिरमा भदौ शुक्ल चतुर्दशीका दिन लाग्ने मेलाको अवसरमा स्थानीय उत्पादनहरुको प्रदर्शनी तथा बिक्रिका लागि सारथी नेपाल संस्थाले यस क्षेत्रका कृषि, पशुपालन, हस्तकला तथा परम्परागत सीपमा आधारित उत्पादक, व्यवसायी र उपभोक्ता बीच प्रत्यक्ष जोड्ने बजारमुखी प्लेटफर्म तयार गर्ने उद्देस्यले सहकार्यका लागि पेश गरेको प्रस्ताव अनुसार यस नगरपालिकाबाट साझेदारीका लागि रु. ४० हजार नगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत बिभिन्न संघ संस्था सामग्री तथा अनुदान शीर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय न. ८

दशरथचन्द नगरपालिका वडा न. ०४ बस्ने अशोक राज पाण्डेयले पशु प्राबिधिक सेवा सेन्टर संचालनका लागि अनुमति माग गरेकोले निजलाई पशु स्वास्थ्य तथा पशु सेवा ब्यवसायी परिषद् नियमावली २०८१ को परिच्छेद ४ को दफा १९ (घ) मा भएको व्यवस्था बमोजिमका कार्य गर्न प्राबिधिक सेवा सेन्टर संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न. ९

यस नगरपालिका अन्तर्गत सरसफाई तथा बगैचा ब्यबस्थापन कार्यलाई ब्यबस्थित र प्रभावकारी बनाउन २ (दुई) जना सरसफाईकर्मी, २ (दुई) जना माली र वडा न. ०७ मा १ (एक) जना कार्यालय सहयोगी गरी जम्मा ५ (पाँच) जना जनशक्ति दैनिक ज्यालादारीमा पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय न. १०

यस नगरपालिका भित्र तिन पांग्रे सवारीसाधन संचालनका लागि माग गर्ने व्यावसायीहरुलाई यस नगरपालिकाबाट स्वीकृत तिन पांग्रे सवारी साधन संचालन तथा व्यवस्थापन ऐन.२०८० बमोजिम अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न. ११

ठेक्का न. DCM/NCB/WORKS/01/2082/083 स्वास्थ्य चौकी भवन निर्माण वडा न.९ लामौता बैतडीको भवन निर्माण गर्ने कार्य सम्पन्न गर्दा आकस्मिक रुपमा मूल्य बृद्दी तथा अविरल वर्षातको कारण निर्माण कार्य सम्पन्न हुन नसकिएको अवस्था सृजना भएकोले म्याद थप गरिदिन निर्माण समयमै निवेदन पेश गरेको हुँदा उक्त भवन निर्माण कार्यको म्याद मिति २०८३/०९/३० सम्म थप्ने निर्णय गरियो |

निर्णय न. १२

ठेक्का न. DCM/NCB/WORKS/02/2082/083 स्वास्थ्य चौकी भवन निर्माण (पहिलो तला) वडा न.११ बैतडीको भवन निर्माण गर्ने कार्य सम्पन्न गर्दा आकस्मिक रुपमा मूल्य बृद्दी तथा अविरल वर्षातको कारण निर्माण कार्य सम्पन्न हुन नसकिएको अवस्था सृजना भएकोले म्याद थप गरिदिन निर्माण समयमै निवेदन पेश गरेको हुँदा उक्त भवन निर्माण कार्यको म्याद मिति २०८३/०९/३० सम्म थप्ने निर्णय गरियो |

निर्णय न. १३

यस नगरपालिका भित्रका तपसिलका दिर्घ रोगी तथा असहाय बिपन्न नागरिकहरुलाई तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १.पुर्णिमा थापा द.न.पा. ०८ | रु. २०,०००. |
| २.निशा भट्ट द.न.पा. ०५ | रु. २०,०००. |
| ३.दिपक जोशी द.न.पा. ०९ | रु. २०,०००. |
| ४.परमानन्द पन्त द.न.पा. ०६ | रु. २०,०००. |
| ५.मुकेश भट्ट द.न.पा. ०१ | रु. २०,०००. |
| ६.कृष्ण राज भट्ट द.न.पा. ०१ | रु. २०,०००. |

CamScanner

**निर्णय न. १४**

जागरुक महिला समाज द.न.पा. ०४ लाई कार्यालय संचालनार्थ बिभिन्न संघ संस्था सामग्री तथा अनुदान शीर्षकबाट कार्यालय सामग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १५**

यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यबोझ बढी भएकोले र जनशक्ति अभाव भएको हुँदा रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक (पाँचौ) दिनेश राज भट्टलाई कामकाज गर्न खटाउने निर्णय गरियो ।

**निर्णय न. १६**

यस नगरपालिका अन्तर्गत बिद्यालय नर्स कार्यक्रममा कार्यरत श्रदा ओझा, हरिता पाण्डेय र पुजा भट्ट राजिनामा दिई सेवाबाट अलग हुन गएकोले रिक्त पदहरुमा बिज्ञापन आव्हान गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय न. १७**

यस नगरपालिकाले भाडामा लिएको स्कारपियो गाडीको म्याद २०८३ साल कार्तिक ६ गते समाप्त हुने हुदा साविक बमिजिमकै दर रेट कायम हुने गरी उक्त स्कारपियो गाडीको म्याद २०८३ साल माघ ०६ गतेसम्म ३ (तिन) महिनाको लागि थप गर्ने निर्णय गरियो ।

CamScanner